सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.स: २०८१।०८२

च.न. १६७४

मितिः २०८२।०१।०४

श्री वडा कार्यालयहरु सबै ।

श्री विषयगत शाखाहरु ।

सरुमारनी गाउँपालिका, प्यूठान ।

**बिषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।१२।३१ गतेको वैठकका निर्णयहरु आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

२०८२/१/४

..........................

(त्रिविक्रम खड्का)

प्रमुख प्रशासकीय अधिकृत

website:www.sarumaranimun.gov.np, Email:sarumarani2073@gmail.com 9857836022

CamScanner

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

झक बहादुर विश्वकर्मा
अध्यक्ष

**मिति २०८१।१२।३१ गतेका गाउँकार्यपालिकाको छपन्नौ बैठकका प्रस्तावहरु:**

१. प्रगति समिक्षा सम्बन्धमा ।

२. सामुदियक विकास परियोजना प्रस्ताव पेश गर्ने सम्वन्धमा ।

३. कक्षा थप अनुमती सम्बन्धमा ।

४. शैक्षिक पात्रो २०८२ स्वीकृत सम्बन्धमा ।

५. हेफर संगको साझेदारी कार्यक्रमको दोस्रो किस्ता रकम निकासा सम्बन्धमा ।

६. मिनिटिलरको लाभग्राहि छनौट सम्बन्धमा ।

७. सुरक्षित नागरिक आवास कार्यक्रमको घरधुरी छनौट सम्बन्धमा ।

८. कार्यविधि स्वीकृत सम्बन्धमा ।

९. आर्थिक सहायता सम्बन्धमा ।

१०. विविध

- लघु उद्यम विकास सहजकर्ताको परामर्श सेवा थप गर्ने सम्बन्धमा ।
- शिक्षक दरवन्दी मिलान र विज्ञापन सम्बन्धमा ।
- योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।
- अ.न.मी. करार पदपूर्ती सम्बन्धमा।
- अ. न. मी. लोकसेवा आयोगमा माग गर्ने सम्बन्धमा ।
- समृद्धिको लागि बन परियोजनाको लागि बन प्राविधिक विज्ञापन सम्बन्धमा ।

झक बहादुर विश्वकर्मा
अध्यक्ष

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

## बैठक संख्या-५६
## गाउँकार्यपालिकाको छपन्नौ बैठकका निर्णयहरु
## मितिः २०८१।१२।३१ गते

**निर्णय नं. १ प्रगति समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।१२।०६ गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो। अधिकांश निर्णयहरु कार्यान्वयन भएको जानकारी भयो ।

**निर्णय नं. २ सामुदायिक विकास परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (विकास सहायता समन्वय शाखा) को च.न. ४२२ मिति २०८१/०३/०५ गतेको उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना पेश गर्ने पत्र अनुसार गाउँपालिका स्तरीय अस्पताल भवन निर्माणको परियोजना प्रस्ताव पेश गर्ने र उक्त परियोजनाको कुल लागत रु.१९,९९,४५,२७९.६५ मध्ये सामुदायिक विकास परियोजनाले बेहोर्ने रकम बाहेकको बाँकी रकम यस गाउँपालिकाले नियमानुसार लागत सहभागिता गर्ने प्रतिवद्धता व्यक्त गरियो ।

**निर्णय नं. ३ कक्षा थप अनुमति सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सरुमारानी गाउँपालिका अन्तर्गतका निम्न सामुदायिक तथा संस्थागत विद्यालयहरुले कक्षा थप अनुमती माग गरेकाले उक्त विधालयहरुको कक्षा थप अनुमति प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं | विद्यालयको नाम ठेगाना | हाल सञ्चालनमा रहेको | माग गरेको कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | वालविकास आधारधूत विद्यालय सरुमारानी २ गनाहा,प्युठान । | आधारभूत तह कक्षा (बालविकास-८) | माध्यमिक तह कक्षा ९ | |
| २ | ऐरावति ई.स्कुल सरुमारानी २ दर्भान,प्यूठान। | माध्यमिक तह कक्षा (बालविकास-९) | माध्यमिक तह कक्षा १० | |
| ३ | सरुमारानी इग्लिस बोर्डिङ स्कुल सरुमारानी ४ वड्डाँडा प्युठान । | आधारभूत तह कक्षा (बालविकास-३) | आधारभूत तह कक्षा ४ | |

**निर्णय नं. ४ शैक्षिक पात्रो स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सरुमारानी गाउँपालिकाको शैक्षिक पात्रो-२०८२ लाई स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।



त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.५ हेफरसंगको साझेदारी कार्यक्रमको दोस्रो किस्ता रकम निकासा सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा ग्रामीण विकास समाज नेपाल सोर्ड नेपालको सहजीकरणमा सरुमारानी गाउंपालिकामा सञ्चालित कृषि र पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास परियोजना अन्तर्गत आ.व. २०८१/०८२ को वार्षिक विनियोजन बजेटबाट पहिलो किस्ता रकम उपलब्ध गराई कार्य सम्पन्नसमेत भएको हुँदा दोस्रो किस्तावापत रु ३७,५०,०००.०० अक्षरुपी सड्तीस लाख पचास हजार रुपैयाँ मात्र पेश्की स्वरूप उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ६ मिनिटिलरको लाभग्राहि छनौट सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका, आर्थिक विकास समितिको सिफारिस अनुसार सरुमारानी गाउँपालिकाको आ.व. २०८०/०८१ को बार्षिक स्वीकृत किसान संग गाउँसरकार कार्यक्रम अन्तर्गत मिनिटिलर वितरण कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना अनुसार पेश भएका ९४ वटा आवेदकहरुको स्थलगत प्राविधिक अनुगमन प्रतिवेदनको अध्ययन तथा छलफल गरी तपशिलका कृषकहरुलाई प्राथमिकता दिई छनौट गर्ने निर्णय गरियो।

तपशिल :

| क्र.स. | कृषकको नाम,थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | वसन्ता गिरि | सरुमारानी-१, आटिटार | |
| २. | अर्जुन के.एम. | सरुमारानी-१, डाँडागाउँ | |
| ३. | ओम बहादुर खत्री | सरुमारानी-२, रन्ने | |
| ४. | जिवलाल राना मगर | सरुमारानी-२, ढाण | |
| ५. | नारायण सिंह सुनार | सरुमारानी-२, वर्णविर | |
| ६. | मिना खत्री | सरुमारानी-३, ढाव | |
| ७. | टुकु कुमारी सोमै | सरुमारानी-३, डाँडाटोल | |
| ८. | प्रेम बहादुर गुरुङ | सरुमारानी-३, गाहाचौपारी | |
| ९. | रोम बहादुर सोमै | सरुमारानी-३, दोमही | |
| १०. | खिम बहादुर सारु मगर | सरुमारानी-४, केवारपानि | |
| ११. | देविराम सोमै मगर | सरुमारानी-४, धनकोट | |
| १२. | भिमा सुनार | सरुमारानी-५, बिरिङ्गकोट | |
| १३. | चित्र बहादुर कवर मगर | सरुमारानी-५, राङ्गवाङ्ग | |
| १४. | शेर बहादुर बुढा मगर | सरुमारानी-६, पांङ्गकोट | |
| १५. | यम बहादुर पुन | सरुमारानी-६, किमिचौर | |
| १६. | तुल बहादुर राहु मगर | सरुमारानी-६, बुढीचौर | |
| १७. | हुमा कुमारी ठेडी | सरुमारानी-६, किमिचौर | |

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

|  |  |  |  |
|---|---|---|---|
| १८. | तिला रोका मगर | सरुमारानी-६, किमिचौर | |
| वैकल्पिक | | | |
| १९. | ईन्द्र बहादुर थापा | सरुमारानी-४, दाङ्गसिङ्ग | |
| २०. | देव बहादुर घर्ति | सरुमारानी-२, ढाण | |
| २१. | धनि कुमारी धामी | सरुमारानी-१, रावलटोल | |
| २२. | कृष्णा मर्साई | सरुमारानी-५ | |
| २३. | मनिकला सिंजाली | सरुमारानी-५ | |

**निर्णय नं. ७ सुरक्षित नागरिक आवास कार्यक्रमको घरधुरी छनौट सम्बन्धमा ।**

प्रस्ताव न. ७ माथि छलफल गर्दा संघीय सरकारको सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत आ.ब. २०७७/०७८ मा सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७७।११।११ गते र २०७८/३/२५ गतेको बैठकबाट स्वीकृत/संशोधित २०० घरधुरी मध्ये धेरै जसो घरहरुमा सुरक्षित नागरिक आवास कार्यक्रमबाट जस्तापाता लगाईएको, केही घरधुरीहरुमा गाउँपालिकाको आफ्नै बजेटबाट र व्यक्तिगत लगानीले घरहरुमा जस्तापाता लगाई सकिएकोले पुरानी २०० घरधुरी मध्ये बाकी रहेका तपशिलका ४ घरधुरीमा जस्तापाता लगाउन चालू आ.ब. २०८१।०८२ मा विनियोजित बजेट बाट कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।साथै चालु आ.ब.को बाकी बजेटबाट कार्यक्रम कार्यान्वयनको लागि नयाँ थप लाभग्राही छनौटको लागि वडाबाट सिफारिस, माग गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | घरधुरीको नामथर | ठेगना | कैफियत |
|---|---|---|---|
| १ | काले गुरुङ्ग | सरुमारानी-३ घाउडाटोल | ५०,०००/- |
| २ | सेते गुरुङ्ग | सरुमारानी-३ घाउडाटोल | ५०,०००/- |
| ३ | ईन्द्र बहादुर पुन | सरुमारानी-५ लुकलुके | ५०,०००/- |
| ४ | केशर सिंह वाठामगर | सरुमारानी-६ | ५०,०००/- |

**निर्णय नं. ८ कार्यविधि स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सरुमारानी गाउँपालिकाको खानेपानी मुहान दर्ता सम्वन्धी कार्यविधि, २०८२ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ९. आर्थिक सहायता सम्बन्धमा ।**

- वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी, नेपालको मिति २०८१।१२।२७ गतेको लाई आर्थिक सहयोग माग पत्र अनुसारको कार्यक्रम संचालनको लागि रु.१००००/- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।
- श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, पाखापानीको मिति २०८१।१२।३१ को पत्र अनुसार २०८१।१२।२७ गतेको हावाहुरीले विद्यालयको जस्तापाता उडाई

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

विद्यालय क्षती भएकोले प्राविधिकं लगत ईष्टिमेट अनुसार जस्तापाता र किलाकाटी खरिद गरी विपद् ब्यबस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

- सरुमारानी गा. पा. वडा नं ४ निवासी श्री कमल पुनको पत्नी ज्ञानी सरा पुनको घरमा भएको आगलागीले घर जलेर पूर्ण क्षति भएकोले निजको घरमा ९ फिटका २५ वटा जस्तापाता विपद ब्यवस्थापन कोष शिर्षकबाट खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

**१०. विविध सम्बन्धमा ।**

- **लघु उघम विकास कार्यक्रममा परामर्शकर्ता (उघम विकास सहजकर्ता) नियुक्त सम्बन्धमा।**

यस गाउँपालिकाको चालू आ.ब. को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत गरीवी निवारणका लागि लघुउघम विकास कार्यक्रमको बमोजिम वार्षिक लक्ष्य अनुसारका कार्यक्रमहरु सम्पन्न गर्नु पर्ने भएको र कार्यालयमा उघम विकास सहजकर्ता कार्यरत नभएकोले सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।७।२३ गते निर्णय अनुसार प्यूठान नगरपालिका वडा नं.९ बस्ने श्री सिता वि.क.लाई परामर्शकर्ता (उघम विकास सहजकर्ता) सेवाको रुपमा नियुक्त गरी कार्यक्रम कार्यान्वयन भईरहेकोमा निजको संझौता अनुसारको परामर्श सेवा-करार संझौता २०८१ फागुन मसान्तमा समाप्त भएको र गरीवी निवारणका लागि लघुउघम विकास कार्यक्रमको बमोजिम वार्षिक लक्ष्य अनुसारका केही कार्यक्रमहरु (सिपमूलक तालिम, प्रविधि हस्तान्तरण, पुर्नताजकि तालिम र अन्य कार्यक्रमहरु) सम्पन्न गर्नु पर्ने भएको र कार्यालयमा उघम विकास सहजकर्ता कार्यरत नभएकोले निज प्यूठान नगरपालिका वडा नं.९ बस्ने श्री सिता वि.क.लाई परामर्शकर्ता (उघम विकास सहजकर्ता) सेवाको रुपमा मिति २०८१।१२।१६ गते देखि लागु हुने गरी २०८२ असार मसान्त सम्म परामर्श सेवामा संझौता गरी कामकाज गर्ने निर्णय गरियो ।

- **शिक्षक दरवन्दी मिलान र विज्ञापन सम्बन्धमा ।**

  सरुमारानी गाउँपालिका वडा नं. ५ को श्री भिमसेन मा.वि.को च.न. ७७ मिति २०८१।१२।२७ गतेको पत्र अनुसार यस विद्यालयमा मा.वि.( कक्षा ९-१०) मा कार्यालय संचालन तथा लेखा विषय अध्यापन गर्ने गरिएको तथा उक्त विषय अध्यापन गर्ने विषयगत शिक्षक नभएकोले सरुमारानी गाउँपालिका अनुदान कोटाको विज्ञान विषय शिक्षकको पद परिवर्तन गरी लेखा विषय शिक्षक कायम गरी विज्ञापन गर्न/गराउने निर्णय गरियो ।

- **योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**
  - मिति२०८१/११/१८ को कार्यपालिका बैठकको निर्णय नं ५ को बुदा नं २७ मा श्री वालकल्याण प्रा वि सजिकोट घेरवार रहेकोले यसलाइ श्री वालकल्याण प्रा. .वि सजिकोट अधुरो वाल निर्माण शिर्षक परिवर्तन गरी कार्यान्वयन गर्ने निर्णय गरियो

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

- गाउँपालिकाको बजेटबाट सञ्चालन हुने जुकेपानी गुरासेनी लिफ्ट खानेपानी योजनाको लागि विनियोजित रु. ७,००,०००/- र मिति २०८१/११/११ गतेको कार्यपालिका बैठकले गुँरासेनी खानेपानी योजना निर्माणको लागि रु १ लाख ५० हजार विनियोजन गरेकोमा हाल दुवै बजेटलाई एकीकृत गरी संशोधित योजना- जुकेपानी गुँरासेनी लिफ्ट खानेपानी विधुतीकरण विस्तार योजनाको लागि रु ८,५०,०००/- कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।
- मिति २०८१।११।११ गतेको निर्णय नं. ५ क्र.स. २३ मा आधारभूत सेवाकेन्द्र बड्डाडा सेड हाउँस (विनियोजन रकम रु. २५,०००) योजनाको नाम संशोधन गरी वड नं ४ को आधारभूत स्वास्थ्य संस्था मर्मत योजना कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।
- महिलाहरुलाई पंचेवाजा तालिम संचालन शिर्षक परिवर्तन गरी महिलाहरुलाई पन्चेवाजा तालिम तथा सामाग्री खरिद शिर्षक कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

➢ श्री खड्गेश्वरी माध्यमिक विद्यालय वडा नं २ को गत आ. व. मा निर्मित चारकोठे भवनको रङ्गरोगन, विधुत वाइरिङ्ग र फर्निचर व्यवस्थापनको लागि गा. पा. को बजेट नं ७७-विभिन्न विधालय भवन मर्मत तथा रंगरोगन योजना शिर्षकबाट ४०,०००/- हजार विनियोजन गर्ने निर्णय गरियो ।

➢ सरुमारानी गाउँपालिका वडा नं. ४ अम्मरे पूर्णगाउँ मोटरबाटो मर्मतको लागि अपुग रकम रु. ३५,०००/- विधालय भवन मर्मत तथा रंगरोगन योजना शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

➢ यस गाउँपालिका अन्तर्गत ददेरी आधारभूत स्वास्थ्य संस्थामा रिक्त रहेको सहायक स्तर चौथो तहको अ.न.मी. करार पदपूर्ती गर्ने निर्णय गरियो।

➢ हंशपुर स्वास्थ्य चौकीमा रिक्त स्थायी अ. न. मी. (सहायक स्तर चौथो) पद स्थायी पदपुर्तिको लागि लोकसेवा आयोग बुटवलमा माग गर्ने निर्णय गरियो।

➢ समृद्धिको लागि बन परियोजनाको लागि बन प्राविधिकको पद रिक्त भएकोले पदपुर्तिको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणिकरण मिति २०८१/१२/३१

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

भीम बहादुर विश्वकर्मा
अध्यक्ष